सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.com
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६


| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।१२।१२। १९ गते । |
|---|---|---|

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौ ।

## बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको मिति २०८०।१२।१९ गते बिहान ०७:०० बजे देखि मिति २०८०।१२।१९ गते बेलुकाको १७:०० सम्मको दैनिक विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार भएको ब्यहोरा सादर अनुरोध गरिन्छ।

**निम्नः-**

- **आगलागी सम्बन्धि ।**
- **जिल्ला बझाङ ।**

आज मिति२०८०।१२।१९ गतेको अ.१२:३० बजेको समयमा जिल्ला बझाङ मष्टा गा.पा.६ रिलु तिन जनाको सङ्गै जोडिएका ३ तले पथ्थरले छाएका घरहरुमा अचानक आगलागी भएको भनि स्थानियहरुले ऐ.१२:४० बजेको समयमा टे.फो.मार्फत जानकारी गराउनासाथ तत्काल यस कार्यालय बाट प्र.स.नि.को कमाण्डमा ४ जनाको प्रहरी टोली खटि गएको र स्थानियहरुले आगो नियन्त्रणमा ल्याउने कार्य भईरहेको मानबिय क्षति केहि नभएको, अन्य क्षतीको बिबरण आउन बाकी रहेको, उक्त स्थान यस कार्यालय बाट ४ घण्टा पैदल उत्तर पर्ने ।

- **खाना पकाउन बालेको आगोबाट आगलागी ।**
- **जिल्ला कैलाली ।**

मिति २०८०।१२।१९ गते १३:४० बजेको समयमा जिल्ला कैलाली धनगढी उप-महानगरपालिका २ राना गाँउ स्थित ऐ.ऐ. बस्ने बर्ष ३० को एकजना मानिसको जस्तापाताले छाएको भुईतले कच्चि गोठमा राखेको भुसामा खाना पकाउन बालेको आगोबाट आगलागी हुन गई उक्त गोठ पुर्ण रुपमा जलि नष्ट हुनुको साथै गोठ भित्र रहेको बाख्रा १ वटा घाईते, भुसा, काठको कडी र जस्तापाता समेत गरी अ. १,५०००० (एक लाख पचास हजार) बराबरको क्षति भएको अन्य मानबिय क्षती नभएको, स्थानिय, दमकल र प्रहरीको सहयोगमा ऐ.१४:१५ बजे आगो पुर्ण रुपमा नियन्त्रणमा आईसकेको, यस पोष्ट बाट प्र.स.नि.को कमाण्डमा ५ जनाको प्रहरी टोलि खटिगएको उक्त स्थान यस पोष्ट बाट अ.१.५ कि.मि. पश्चिम पर्ने।